प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/२४

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कोभिड - १९ रोग नियन्त्रण र रोकथामका लागी प्रकाशित सूचना अनुसार PPE लगायत सामग्री खरिद मा परेका बोलपत्रका साथ् प्राप्त नमुना परिक्षण गर्नका लागि एक विज्ञ टोलीको गठन गरि स्वास्थ्य सुरक्षा सामाग्रीहरुको परिक्षण र मुल्यांकन कार्यको शुरुवात गरेको छ ।

विज्ञ टोलीमा डा. डुक बहादुर क्षेत्रि, डा. मोनी सुवेदी, डा. राजीव लालचन, सपना सुवेदी र अशोक खनाल रहनुभएको छ ।

लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि एक समिति गठन भएको छ भने समितिले उक्त कार्यका लागि प्रतिवेदन लेखन कार्यको शुरुवात गरिसकेको छ । समितिमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोद बिन्दु शर्मा, सामाजिक विकास मन्त्रालयका बरिष्ठ स्वास्थ्य प्रशासक डा. राम बहादुर के.सी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव कृष्ण प्रसाद आचार्य, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत विशाल तिमिल्सिना रहनुभएको छ भने अस्पतालको तर्फबाट अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पो.म.पा वार्ड न. ३० का अध्यक्ष हुनुहुन्छ ।

न्युनतम सेवा मापदण्डको (MSS) मध्यावधिक मुल्यांकन गर्न र कोभिड- १९ सम्बन्धि सूचना संकलन गर्ने सफ्टवेयरको अभिमुखीकरणका लागि हिंजो म्याग्दी पुगेको स्वास्थ्य निर्देशनालय पोखराको टोलीले बेनी अस्पतालमा अनुगमन तथा मुल्यांकन गरेको छ भने स्वास्थ्य कार्यालय म्याग्दीमा सफ्टवेयर सम्बन्धि अभिमुखीकरण तथा तालिम कार्यक्रम सम्पन्न भएको छ। उक्त दुवै कार्यक्रममा आज स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले समेत सहभागिता जनाउनुभएको छ ।

प्रदेश न. ५ मा PCR परिक्षण गर्ने Reagent को अभाव भएपछि आज ६८ वटा संकलित नमुना पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परिक्षणका लागि ल्याइएको छ ।

आज थप २५ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ । अहिलेसम्म गण्डकी प्रदेशमा ६८५ जनाको नमुना संकलन भएको छ जसमा ६५८ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र २५ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ । त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६३४७ जनामा RDT परिक्षण गरिएको छ ।

डा विनोद विन्दु शर्मा
निर्देशक

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com